फोन: ०५६-४१०१२२/४१०१११
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं.२०८१/०८२

मिति:२०८१/१०/२५

# सूचना!सूचना!!सूचना!!!

श्री सम्पूर्ण पशुपालक कृषकवर्ग तथा जनसमुदायहरु,
इच्छाकामना गाउँपालिका, चितवन ।

**विषयः रोगबारे सचेत रही सतर्कता अपनाउने सम्बन्धमा।**

प्रस्तुत बिषयका सम्बन्धमा यस इच्छाकामना गाउँपालिका वडा नं. ३ को फिस्लिङ, चैबुङमा मिति २०८१/१०/२४ गते त्यस ठाउँमा रेविज रोगको जस्तो लक्षण देखाएको एक ठुलो खैरो भाले कुकुरले मानिस ३ जना, कुकुर ५ वटा, बिरालो १ वटा कुकुरा ३ वटालाई टोकेको र पुनः मिति २०८१/१०/२५ गते सोही कुकुरले मानिस २ जना, कुकुर १ वटालाई टोकेको र गाउँपालिका मार्फत तुरुन्त फिल्ड अनुगमन गरि संकास्पद कुकुरले टोकेको मानिस र जनावरहरुलाई भ्याक्सिन लगाउनुको साथै उपचार समेत गरिएको साथै उक्त कुकुरलाई हालसम्म नियन्त्रण गर्ने प्रयासकै क्रममा रहेको कुरा जानकारी गर्दै तपशिलका कुराहरुमा सचेत रहि सतर्कता अपनाउनु हुन सम्पुर्ण कृषकवर्ग तथा जनसमुदायहरुमा हार्दिक अनुरोध गर्दछौं।

<u>तपशिल</u>

- आफ्नो घरमा पालेका कुकुरहरुलाई रेबिज रोग बिरुद्ध निरन्तर खोप लगाऔं।
- छाडा भुस्याह कुकुरबाट आफु पनि बचौं र आफ्नो पशुपन्छिहरुलाई पनि बचाऔं।
- यदि कुनै कुकुरले टोकेमा त्यस कुकुरलाई १० देखि १४ दिन सम्म विषेश निगरानीमा राखौं र टोकेको पशुपन्छीलाई पनि छुट्टै राखि निगरानी गरौं।
- रेबिज रोग जुनोटिक भएकाले रोगी पशुसँग मानिसको लसपस नगरौं र तुरुन्त नजिकको पशु सेवाको निकायमा जानकारी गराई छुट्टै उपचार गर्ने वातावरण बनाऔं।
- आफुले पालेका पशुपन्छीहरुलाई खुला रुपमा मात्र नछोडी कहाँ छन् संधै एकिन गरौं।
- घरपालुवा पशुपन्छीहरुलाई जंङ्गली जनावरको सम्पर्कमा आउन नदिऔं।
- नदी, कुलो तथा खोलामा मरेका पशुपन्छी लगायतका संक्रमित बस्तुहरु नफालौं।
- पशुपन्छीहरुलाई दाना, पानी दिने भाडा नियमित रुपमा सफा गरौं।
- पशुपन्छीहरुलाई राखेको फार्म लगायतका स्थानमा नियमित रुपमा निःसंक्रमण गरौं।
- बजारमा बिक्रि वितरणको लागि लगिएको पशुपन्छीहरु भरस बजारबाट फिर्ता नल्याऔं, ल्याउनै पर्ने भएमा केही दिनको लागि अन्य पशुपन्छीहरुको सम्पर्कबाट टाढै राखौं।
- आफुले पालेका पशुपंक्षीहरुमा एक्कासी केहि समस्या देखा परेमा वा मरेमा तुरुन्त नजिकको पशु सेवाको निकायमा जानकारी गराऔं।
- पशुपन्छी खरिद गर्दा स्रोत एकिन गरी मात्र गरौ, खरिद गरी ल्याइएका पशुपन्छीहरुलाई आफूसँग रहेका पशुपन्छीहरुसँग नमिसाई कम्तिमा पनि ७ दिन छुट्टै स्थानमा राखौं।
- पशुपालन गरिएको क्षेत्र नजिक जंगली पशुहरु आकर्षित हुने खालको वातावरण नबनाऔं।
- पशुपन्छी पालन गरिएको गोठ, खोरहरुमा बाहिरका मानिसहरुलाई अनावश्यक आवत जावत गर्न नदिऔं।
- रोगबाट बच्न व्यक्तिगत सुरक्षा तथा सरसफाइमा विशेष ध्यान दिऔं।

..........................
इच्छाकामना गाउँपालिका
प्रमुख प्रशासकीय अधिकृत

"सुखी, खुशी र समृद्ध इच्छाकामना ! कृषि, पर्यटन र पूर्वाधार विकास हाम्रो चाहना !! "

CamScanner